अवैध ढुंगा उत्खनन् सम्बन्धी अनुगमन प्रतिवेदन

परिचय

दंगीशरण गाउँपालिका वडा नं.१ स्थीत कलमखोलाबाट कसैले गैर कानुनी रुपमा ढुंगा निकाली बेचबिखन गर्दै आएको छ भन्ने सूचना प्राप्त हुनासाथ मिति २०७४।११।२८ गते बिहान ८ बजे देखि ११ बजे सम्म दंगीशरण गाउँपालिकाका अध्यक्ष भागीराम चौधरी, उपाध्यक्ष पिमा खड्का, प्रमुख प्रशासकीय अधिकृत दल बहादुर बस्नेत, वडा नं.१ का वडा अध्यक्ष श्रीप्रसाद चौधरी र वडा नं.२ का वडा अध्यक्ष तुल्सीराम देवकोटा सहितको टोलीले उक्त क्षेत्रको स्थलगत अनुगमन गरेको थियो । सो क्रममा टोलीले स्थानीय बासिन्दा, सो स्थानमा नजिकै रहको गोल्टाकुरी प्रहरी चौकी ईन्चार्ज, सामुदायिक बनका मानिसहरु, स्थानीय मन्दीर व्यवस्थापन समितिका मानिसहरुसँग आवश्यक सोधपुछ गरी जानकारी लिएको थियो ।

अनुगमनबाट देखिएको कुरा

अनुगमनका क्रममा कलमखोलाको थारुबास भन्ने जंगल क्षेत्रको करिब १ कि.मि.लम्बाई सम्मको भूभागबाट ढुंगा उत्खनन गरेको पाईयो । जंगलमा जेसिबि समेत लगाए बाटो बनाई ढुंगा उत्खनन् गरी गोल्टाकुरी प्रहरी चौकीको दायाँबायाँ अन्दाजी ५० मिटर दायाँ भाग र अन्दाजी २०० मिटर बायाँ भागको बाटो गरी १०/१५ दिन अगाडी बाटो बनाई टेक्टर मार्फत २/३ दिन अगाडी ढुंगा उत्खनन् गरेको देखिन्छ । बन समितीका केही मानिसहरु, स्थानीय मन्दीर व्यवस्थापन समितिका मानिसहरुलाई समेत झुक्यानमा पारी अवैध रुपमा ढुंगा उठाएको देखिन्छ । बस्तु स्थीति हेर्दा यस बिषयमा बन समितिका केही मानिस तथा स्थानीय प्रहरी समेतलाई केही न केही जानकारी अवश्य भएको देखिन्छ ।

कानुनमा के छ ?

नेपालको संविधान, २०७२ को धारा ३० ले नागरिकलाई स्वच्च बातावरणको हकको प्रत्याभूती गरिने छ भनि उल्लेख गरेकोछ । अत:स्थानीय सरकारको रुपमा गाउँपालिकाले आफ्नो समूदायको बासिन्दाका लागि पनि खानी तथा बन संरक्षण माफर्त बातावरण संरक्षणमा भूमिका निर्वाहा गर्नुपर्ने देखिन्छ ।

संविधानको धारा ५१(छ) मा राज्यको नीति अन्तर्गत प्राकृतिक स्रोत साधनको संरक्षण, संवर्द्धन र उपयोगमा स्थानीय समुदायलाई अग्राधिकार दिईने कुरा उल्लेख छ । स्थानीय समुदायको घर दैलोको सरकार भएकोले गाउँपालिकाले प्राकृतिक स्रोत साधानमा नागरिकको अग्राधिकार स्थापीत गर्न भूमिका निर्वाह गर्न जरुरी देखिन्छ ।

संविधानको अनुसूची ८ मा स्थानीय तहको एकल अधिकारको सूचिमा खानि तथा खनिज पदार्थ र जैविक विविधता समावेश छ । त्यस्तै अनुसूचि ९ को संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचिमा **बन** समावेश भएकोले बन सम्पदा संरक्षण गर्नु स्थानीय सरकारको परम कर्तब्य रहन गएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ प ७ ले ढुंगा, गिट्टि, बालुवा तथा खानीको दर्ता, अनुमति, नविकरण र व्यवस्थापन स्थानीय तहले गर्ने भनी उल्लेख छ । त्यस्तै ऐनको दफा ११(४) ङ २ मा बन समुहहरुको नियमन तथा व्यवस्थापन संघ तथा प्रदेश कानुनको प्रतिकुल नहुने गरी स्थानीय तहले गर्ने भनी उल्लेख भएकोले सामुदायिक बन समुहहरु स्थानीय तह सँग समन्वय नगरी अगाडी बढ्न नसक्ने देखिन्छ ।

दंगीशरण गाउँपालिकाको आर्थिक ऐन,२०७४ ले ढुंगा, गिट्टि, बालुवा तथा खानीको अबैध उत्खनन् तथा चोरी निकासी गर्ने उपर प्रति ट्रिप पटकै पिच्छे रु.५०००। जरिवाना गरी थप कारबाही गर्ने भनि उल्लेख छ ।

अब के गर्ने ?

ढुंगा, गिट्टि, बालुवा तथा खनिजजन्य पदार्थको उपयोग तथा व्यवस्थापन सम्बन्धी अधिकार स्थानीय तहको रुपमा गाउँपालिकामा निहित छ । संबैधानिक तथा कानुनी व्यववस्थालई ब्यवहारमा उतार्ने जनता नजिकको सरकार गाउँपालिका भएकोले ढुंगा, गिट्टि, बालुवा तथा खनिजजन्य पदार्थको अवैध उत्खनन् हुँन नदिन गाउँपालिकाले देहायको व्यवस्था गर्ने

देहाय,

१.अवैध निकासी तथा चोरी पैठारी हुन नदिन स्थानिय प्रहरी प्रशासनले गाउँपालिकालाई सघाउने ,

२.सामुदायिक बनहरुले आँफूले बर्षभरी गर्ने कामका सम्बन्धमा साधारणसभाबाट निर्णय गरी सोको निर्णयका आधारमा मात्र बन समितिको सिफारिसमा स्थानीय तहले वातावरण संरक्षणमा प्रतिकुल असर पर्ने नपर्ने बिचार गरी रुख कटानी तथा ढुंगा उत्खनन गर्न अनुमति दिने । संघ र प्रदेशमा सिफारिस गरि गर्नु पर्ने काम भए सिफारिस दिने वा नदिने सम्बन्धमा गाउँ कार्यपालिकाले निर्णय गरे बमोजिम हुने व्यवस्था मिलाउने ।

३. ढुंगा, गिट्टि, बालुवा तथा खनिजजन्य पदार्थको अवैध उत्खनन हुन नदिन आम जनतालई सचेत पार्ने,

४.आईन्दा ढुंगा, गिट्टि, बालुवा तथा खनिजजन्य पदार्थको अवैध उत्खनन नरोकिए दोषी देखिने सामुदायीक बनका पदाधिकारी, कर्मचारी तथा प्रहरी, तथा तस्करलाई कानुनको दायरामा ल्याई कारबाही गर्ने ।

५.बन सम्पदाको संरक्षण ,ढुंगा, गिट्टि, बालुवा तथा खनिजजन्य पदार्थको संरक्षण,संवर्द्धन र दिगो उपयोगमा संघ, प्रदेश तथा स्थानीय तहबीच आपसी समन्वय गरेर मात्र गर्ने ।